# विशेष आर्थिक क्षेत्र प्राधिकरण कार्यकारी निर्देशक सिफारिस सम्बन्धी कार्यविधि, २०७६

(सिफारिश समितिबाट स्वीकृत मिति २०७६।०६।१४)

विशेष आर्थिक क्षेत्र प्राधिकरण कार्यकारी निर्देशक

सिफारिस समिति

काठमाडौं

## पृष्ठभूमी

विशेष आर्थिक क्षेत्र प्राधिकरण विशेष आर्थिक क्षेत्र ऐन, २०७३ बमोजिम गठित निकाय हो। यसको कार्यकारी प्रमुखको रुपमा नेपाल सरकारद्वारा नियुक्त कार्यकारी निर्देशक रहने व्यवश्था छ। कार्यकारी निर्देशकको नियुक्तिको लागि राष्ट्रिय योजना आयोगका सदस्य (सम्बन्धित क्षेत्र हेर्ने) को संयोजकत्वमा उद्योग मन्त्रालयका सचिव र विशेष आर्थिक क्षेत्र प्राधिकरणको संचालक समितिले तोकेको १ जना विशेषज्ञ रहेको सिफारिस समिति रहने व्यवस्था छ। उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयको (मा. मन्त्रिस्तर) को मिति २०७६।०५।२६ को निर्णयानुसार गठित विशेष आर्थिक क्षेत्र विकास समितिको कार्यकारी निर्देशक सिफारिश समितिको मिति २०७६।०६।१४ को निर्णय बमोजिम कार्यकारी निर्देशक सिफारिस सम्बन्धी कार्यलाई व्यवस्थित गर्नका लागि "विशेष आर्थिक क्षेत्र विकास समितिको कार्यकारी निर्देशक सिफारिस सम्बन्धी कार्यविधि २०७६" सिफारिश समितिबाट स्वीकृत गरी लागू गरिएको छ।

१. संक्षिप्त नाम र प्रारम्भ :

क) यो कार्यविधको नाम "विशेष आर्थिक क्षेत्र प्राधिकरण कार्यकारी निर्देशक सिफारिस सम्बन्धी कार्यविधि, २०७६" रहेको छ।

ख) यो कार्यविधि सिफारिश समितिबाट स्वीकृत भएपछि प्रारम्भ हुनेछ।

२. परिभाषा : विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा:

क) "ऐन" भन्नाले विशेष आर्थिक क्षेत्र ऐन, २०७३ सम्झनु पर्दछ।

ख) "मन्त्रालय" भन्नाले उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय सम्झनु पर्दछ।

ग) "समिति" भन्नाले विशेष आर्थिक क्षेत्र ऐन, २०७३ को दफा ३ वमोजिम गठित समिति सम्झनु पर्दछ।

घ) "सिफारिश समिति" भन्नाले विशेष आर्थिक क्षेत्र प्राधिकरण ऐन, २०७३ को दफा २२ को उपदफा (३) वमोजिम गठित समिति सम्झनु पर्दछ।

ङ) "प्राधिकरण" भन्नाले विशेष आर्थिक क्षेत्र प्राधिकरण सम्झनु पर्दछ।

३. सिफारिश समितिको बैठक र सचिवालय सम्बन्धी व्यवस्था:

क) सिफारिश समितिको बैठक आवश्यकता अनुसार बस्नेछ।

ख) बैठक संयोजकद्वारा बोलाइने छ।

ग) सिफारिश समितिको बैठक सम्बन्धी कार्यव्यवस्था सिफारिश समिति स्वयंले तय गरेबमोजिम हुनेछ।

घ) सिफारिश समितिको सचिवालयको कार्य उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयको प्रशासन तथा संस्थान महाशाखाले गर्नेछ।

४. दरखास्त आह्वान गर्ने:

क) सिफारिश समितिले कार्यकारी निर्देशकको नियुक्तिको लागि ऐनको दफा २२ को उपदफा (४) बमोजिम योग्यता पुगेका उम्मेदवारहरूलाई बढीमा ३० दिनको म्याद दिई दरखास्त माग गर्नेछ।

ख) आवेदन माग गरिएको सूचना राष्ट्रियस्तरको दैनिक पत्रिकामा कम्तिमा दुईपटकसम्म प्रकाशन गरिनेछ। तर, पर्याप्त संख्यामा दरखास्त नपरेमा पहिले परेका दरखास्तहरूलाई यथावत राखी सिफारिश समितिले निर्णय गरी बढीमा १५ दिनको सूचना प्रकाशन गरी पुनः दरखास्त आव्हान गर्नसकिने छ ।

ग) सूचनाको ढाँचा अनुसूची- १ बमोजिम हुनेछ ।

५. आवेदकले निवेदन साथ पेश गर्नु पर्ने कागजातहरू:

(क) नेपली नागरिकताको प्रमाणपत्रको प्रतिलिपी।

(ख) शैक्षिक योग्यता, कार्य अनुभव तथा तालिम खुलेको प्रमाणपत्रको प्रमाणित प्रतिलिपी र सम्पर्क ठेगाना (इमेल, टेलिफोन, मोबाइल नम्बर, घर र कार्यालयको ठेगाना) सहितको विस्तृत वैयक्तिक विवरण।

(ग) हालसालै खिचेको दुईप्रति पासपोर्ट साइजको फोटो।

(घ) उम्मेदवारले उद्योग, वाणिज्य क्षेत्रका बारे राष्ट्रिय तथा अन्तर्राष्ट्रिय समसामयिक स्थिति, बिशेष आर्थिक क्षेत्र (Special Economic Zone)को अवधारणा, नेपालमा यसको आवश्यकता र सम्भावना, यसबारेमा नेपाल सरकारबाट सञ्चालित वा निर्माणाधिन कार्यक्रम, कार्ययोजना तथा परियोजना सम्वन्धी जानकारीका साथै बिशेष आर्थिक क्षेत्र ऐन, २०७३ को उद्देश्य कार्यान्वयन गर्नका लागि सम्भाव्य सोच, दृष्टिकोण र कार्ययोजना सहितको बढीमा ५००० शब्दसम्मको व्यावसायिक योजना (Business Plan) नेपाली वा अंग्रेजी भाषामा पेश गर्नु पर्नेछ ।

(ङ) दरखास्त दस्तुर बापत राजश्व खातामा रु २०००/- जम्मा गरेको भौचर मन्त्रालयको कार्यालय कोड नं. २७-३०७-१४ मा जम्मा हुने गरी एभरेष्ट बैंक सिंहदरबारमा बुझाएको भौचर।

६. विवरणहरू प्रमाणित गर्नुपर्ने : दरखास्त साथ निम्न लिखित व्यहोराहरू उम्मेदवार स्वयंले प्रमाणित गरी अनिवार्य रुपमा पेश गर्नु पर्नेछ। (स्वयम् घोषणा नगरी उम्मेदवारलाई मूल्याङ्कनमा समावेश गरिने छैन।)

(अ) कुनै राजनैतिक दलको सदस्य नभएको,

(आ) आफ्नो नाममा व्यक्तिगत बेरुजु नभएको,

(इ) भ्रष्टाचार, सम्पत्ति शुद्धिकरण वा नैतिक पतन देखिने फौजदारी अभियोगमा अदालतबाट कसुरदार ठहर नभएको,

(ई) बैंक तथा वित्तीय संस्थाको ऋण नतिरेका कारण प्रचलित कानून बमोजिम कालो सूचीमा परेको अवस्था नरहेको।

७. थप विवरण माग गर्न सक्नेः मूल्यांकन प्रयोजनका लागि सिफारिश समितिले आवेदकहरूको शैक्षिक योग्यता, अनुभव तथा अन्य आवश्यक विवरणहरूका सम्बन्धमा थप बुझ्न आवश्यक ठानेमा आवेदन वा सम्बन्धित निकायबाट जानकारी माग गर्न सक्नेछ।

८. छनौटका आधारहरुः उम्मेदवारको सिफारिश गर्न सिफारिश समितिले देहायका छनौटका आधारहरू लिनेछ।

छनौटका आधारहरूलाई निम्नानुसार २ भागहरूमा ( भाग १ र २ ) बाँडेर भाग १ मा १०० पूर्णांक र भाग २ मा ५० पूर्णांकको मूल्यांकन गरिनेछ।

क) भाग १ (पूर्णाङक १००)

| | |
|---|---|
| (अ) शैक्षिक योग्यता | १५ अंक |
| (आ) अनुभव | १५ अंक |
| (इ) लिखित परीक्षा | ३० अंक |
| (ई) व्यवसायिक कार्ययोजना | ४० अंक |
| जम्मा पूर्णाङ्क | १०० अंक |

ख) भाग २-कार्य योजना प्रस्तुतिकरण - अंक ३० र अन्तर्वार्ता अंक २० गरी जम्मा ५० अंकको हुनेछ।

९. शैक्षिक योग्यताको अङ्क गणनाः

मान्यता प्राप्त शिक्षण संस्थाबाट व्यवस्थापन, अर्थशास्त्र, ईन्जिनियरिङ वा कानून विषयमा स्नातकोत्तर उपाधीलाई न्यूनतम शैक्षिक योग्यता मानी सो बापत १० अंक प्रदान गरिने छ र अतिरिक्त शैक्षिक योग्यतालाई एम. फिल. बापत २ अंक र पि.एच.डि. बापत ५ अंक थप प्रदान गरिने छ । यद्यपि एम. फिल. र पि.एच.डि. दुवै भएमा ५ अंक मात्र प्रदान गरिनेछ । विदेशी विश्वविद्यालयबाट प्राप्त शैक्षिक योग्यताको हकमा त्रि. वि. बाट समकक्षता निर्धारण गरेको प्रमाणपत्र समेत पेश गर्नुपर्नेछ ।

१०. अनुभवको मूल्यांकनः

उद्योग, वाणिज्य, व्यापार, राजश्व प्रशासन, इन्जिनियरिङ, व्यवस्थापन वा आर्थिक क्षेत्रमा अधिकृतस्तर वा सो भन्दा माथिको पदमा प्राप्त गरेको १० वर्षको अनुभव बापत जम्मा १० अंक प्रदान गरिने छ। १० वर्ष भन्दा बढी अवधिको अनुभवको लागि प्रतिवर्ष १ अंकको दरले वढीमा कूल १५ अंकसम्म दिइनेछ।

११. लिखित परीक्षाः

३० पूर्णाङ्कको २ वटा प्रश्नबाट १ घण्टाको समय दिइ लिखित परीक्षा लिइने छ। लिखित परीक्षाको लागि प्रचलित मापदण्डको पालना गरी निष्पक्षता र स्वच्छताको सिद्धान्त अवलम्वन गरिनेछ। परीक्षाका विभिन्न चरणहरूमा सम्बन्धित विषय विज्ञको सहयोग लिइने छ। लिखित परीक्षाको विषयगत क्षेत्र अनुसूची २ बमोजिम हुनेछ।

१२. व्यवसायिक कार्ययोजनाको मूल्यांकनः

उमेदवारले पेश गरेको व्यवसायिक कार्ययोजना बापत देहाय बमोजिम बढीमा ४० अंक प्रदान गरिने छ।

क) उद्योग, वाणिज्य क्षेत्रका बारे राष्ट्रिय तथा अन्तराष्ट्रिय समसामयिक स्थिति -५ अंक

ख) नेपाल सरकारबाट संचालित औद्योगिक विकास सम्बन्धी नीति, योजना, कार्यक्रम, परियोजना तथा कार्ययोजना र सोको विशेष आर्थिक क्षेत्रसँगको सम्बन्ध -५ अंक

ग) विशेष आर्थिक क्षेत्र (Special Economic Zone) को अवधारणा, आर्थिक विकासमा यसको योगदान, विद्यमान समस्या तथा चुनौती, समाधानका उपायहरू -१० अंक

घ) विशेष आर्थिक क्षेत्रको प्रभावकारी सचालन र व्यवस्थापनको भावी सोच, रणनीति, कार्यनीति, समयवद्ध कार्यान्वय कार्य योजनाको -२० अंक

१३. उमेदवारको संक्षिप्त सूची प्रकाशन गर्नेः

माथी भाग १(क) मा उल्लेखित ४ वटा आधारहरूको मूल्यांकनबाट अधिकतम अंक प्राप्त गर्ने बढीमा ६ जना उम्मेदवारलाई भाग २ को मूल्यांकनका लागि संक्षिप्त सूची प्रकाशन गरिनेछ।

१४. व्यवसायिक योजना प्रस्तुतिकरणको मूल्यांकनः

क) भाग १ बाट संक्षिप्त सूचीमा परेका उम्मेदवारहरूलाई भाग २ को प्रस्तुतीमा सहभागी हुन जानकारी गराईनेछ।

ख) यसमा समितिका प्रत्येक सदस्यले प्रदान गर्ने मूल्यांकन अंकको औषत अंक दिइनेछ। समितिका अध्यक्ष र सदस्यले अंक दिँदा सामान्यतया बढीमा ७०% अंक प्रदान गरिनेछ । सो भन्दा बढी अंक दिनु परेमा स्पष्ट कारण उल्लेख गर्नुपर्नेछ।

ग) प्रस्तुतिमा सूचना प्रविधिको उपयोग. व्यवसायिक योजनाको कार्यान्वयनको पुष्ट्याईं, आत्मविश्वास. प्रस्तुतिकरण शैली र सीप, समय पालना र अनुशासन, भविश्यपरक दृष्टिकोण, कार्यान्वयन गर्ने तरिका, नेतृत्व क्षमता जस्ता पक्षहरू मूल्यांकन गरिनेछ।

१५. अन्तर्वार्ता:

यसमा समितिका अध्यक्ष, सदस्य प्रत्येकले प्रदान गरेको मूल्यांकन अंकको औषत अंक दिइनेछ। अन्तर्वार्तामा प्रस्तुतिकरण, Confidence Level, समस्या समाधानको कौशल, सकारात्मक सोच. नेतृत्व क्षमता जस्ता विषयवस्तुको मूल्यांकन गरिनेछ ।

१६. उमेदवारको प्राप्तांक र योग्यताक्रम निर्धारण:

क) संक्षिप्त सूचीमा परेका उम्मेदवारहरूले बुँदा नं. ८ को भाग (१) मा पाप्त गरेको अंक र भाग (२) मा प्राप्त गरेको अंकको जम्मा गरी उमेदवारको कूल प्राप्ताङ्क कायम गरिने छ ।

ख) बढी प्रप्ताङ्कका आधारमा उम्मेदवारहरूको योग्यताक्रम निर्धारण गरिनेछ ।

१७. सिफारिस सम्बन्धी व्यवस्था:

संक्षिप्त सूचीमा रहेका उम्मेदवारहरू मध्येबाट बुँदा नं. ८ को भाग (१) र (२) बमोजिम प्राप्त अंकहरू जोडी अधिकतम अंक प्राप्त गर्ने तीन जना उमेदवारलाई नियुक्तिको लागि सिफारिश गरिनेछ।

१८. सिफारिश प्रकृया रद्द गर्न सक्ने:

यस कार्यविधि बमोजिमको कार्यकारी निर्देशक सिफारिश प्रकृया कारण देखाइ वा नदेखाइ सिफारिश समितिको सिफारिशमा मन्त्रालयले रद्द गर्न सक्नेछ ।

१९. कार्यविधिको व्याख्या र संशोधन:

क) यो कार्यविधिको कार्यान्वयनमा कुनै द्विविधा भए सिफारिश समितिले थप व्याख्या गर्न सक्नेछ ।

ख) कार्यविधिको संशोधन गर्न आवश्यक भए सिफारिश समितिले संशोधन गर्न सक्नेछ ।

ग) यस कार्यविधिमा उल्लेख नभएको विषयमा नेपाल सरकार, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयले गरेको निर्णय अन्तिम हुनेछ ।

अनुसूची-१

(प्रकरण ५ (घ) सँग सम्बन्धित)

नेपाल सरकार

उद्योग, बाणिज्य तथा आपूर्ति मन्त्रालय

बिशेष आर्थिक क्षेत्र प्राधिकरणको

कार्यकारी निर्देशकको पदपूर्तिको लागि दरखास्त आव्हानको सूचना

सूचना प्रकाशित मितिः२०७६।०६।.....

बिशेष आर्थिक क्षेत्र ऐन, २०७३ को दफा २२ उपदफा (३) अनुसार बिशेष आर्थिक क्षेत्र प्राधिकरणको कार्यकारी निर्देशकको पदमा खुल्ला प्रतिस्पर्धाका आधारमा पदपूर्ति गर्न यो सूचना प्रकाशित गरिएको छ । देहाय बमोजिम न्यूनतम योग्यता र अनुभव भएका इच्छुक नेपाली नागरिकहरूबाट सूचना प्रकाशित भएको मितिले ३० (तीस) दिनभित्र उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय, सिंहदरबारस्थित सिफारिस समितिको सचिवालयमा निवेदन दिनका लागि यो सूचना प्रकाशित गरिएको छ। थप जानकारीको लागि यस मन्त्रालयको Web Site : www.moics.gov.np मा हेर्न वा मन्त्रालयको प्रशासन तथा संस्थान शाखाको फोन नं ०१४२११६७१ मा सम्पर्क गर्न वा मन्त्रालयमा सीधै सम्पर्क गर्न सकिनेछ ।

१. न्यूनतम शैक्षिक योग्यता र अनुभवः

मान्यता प्राप्त शिक्षण संस्थाबाट व्यवस्थापन, अर्थशास्त्र, इञ्जिनियरिङ्ग वा कानूनमा कम्तीमा स्नातकोत्तर उपाधि हासिल गरी उद्योग, वाणिज्य, राजश्व प्रशासन, इञ्जिनियरिङ्ग, व्यवस्थापन वा आर्थिक क्षेत्रमा अधिकृतस्तर वा सो भन्दा माथिको पदमा दश वर्षको अनुभव प्राप्त गरेको।

२. पेश गर्नुपर्ने कागजात तथा विवरणहरुः

(क) नेपली नागरिकताको प्रमाणपत्र, शैक्षिक योग्यता, कार्य अनुभव खुलेको प्रमाणपत्रको प्रमाणित प्रतिलिपी, विदेशी विश्वविद्यालयबाट प्राप्त शैक्षिक योग्यताको हकमा त्रि. वि. बाट समकक्षता निर्धारण गरेको प्रमाणपत्र र सम्पर्क ठेगाना (इमेल, टेलिफोन नं., मोबाइल नं., घर र कार्यालयको ठेगाना) सहितको विस्तृत बैयक्तिक विवरण।

(ख) बैयक्तिक विवरणको साथमा उम्मेदवारको हालसालै खिचेको दुई प्रति पासपोर्ट साइजको फोटो।

(ग) उम्मेदवारले उद्योग, वाणिज्य क्षेत्रका बारे राष्ट्रिय तथा अन्तर्राष्ट्रिय समसामयिक स्थिति, विशेष आर्थिक क्षेत्र (Special Economic Zone) को अवधारणा, नेपालमा यसको आवश्यकता र सम्भावना, यससँग सम्बन्धित नेपाल सरकारबाट सञ्चालित वा निर्माणाधीन कार्यक्रम, कार्ययोजना तथा परियोजना सम्बन्धी जानकारीका साथै बिशेष आर्थिक क्षेत्र ऐन, २०७३ को उद्देश्य कार्यान्वयन गर्नका लागि सम्भाव्य सोच, दृष्टिकोण र कार्ययोजना सहितको बढीमा ५००० (पाँच हजार) शब्द सम्मको नेपाली वा अंग्रेजी भाषामा तयार गरेको व्यवसायिक कार्ययोजना (Business Plan) ।

(घ) दरखास्त साथ निम्नलिखित व्यहोराहरू उम्मेदवार स्वयंले प्रमाणित गरी अनिवार्य रुपमा पेश गर्नु पर्नेछ। (स्वयम् घोषणा नगरेका उम्मेदवारलाई मूल्याङ्कनमा समावेश गरिने छैन।)

(अ) कुनै राजनैतिक दलको सदस्य नभएको,

(आ) आफ्नो नाममा व्यक्तिगत बेरुजु नभएको,

(इ) भ्रष्टाचार, सम्पत्ति शुद्धिकरण वा नैतिक पतन देखिने फौजदारी अभियोगमा अदालतबाट कसुरदार ठहर नभएको,

(ई) बैंक तथा वित्तीय संस्थाको ऋण नतिरेका कारण प्रचलित कानून बमोजिम कालो सूचीमा परेको अवस्था नरहेको र

(ङ) दरखास्त दस्तुर वापत रु २०००/- यस मन्त्रालयको राजश्व खातामा जम्मा गरेको भौचर ।

३. छनौट प्रक्रिया, सेवा सुविधा सम्बन्धी अन्य विवरणः

३.१ छनौट प्रक्रिया

सिफारिश समितिले "विशेष आर्थिक क्षेत्र प्राधिकरणको कार्यकारी निर्देशक सिफारिस सम्बन्धी कार्यविधि २०७६" बमोजिम कार्यकारी निर्देशकको छनौट गरी ३ (तीन) जनाको नाम नेपाल सरकार समक्ष नियुक्तिका लागि सिफारिस गर्नेछ।

३.२ कार्यकारी निर्देशकको तलब भत्ता लगायतका सुविधा प्रचलित कानून बमोजिम हुनेछ।

३.३ कार्यकारी निर्देशकको पदमा नियुक्ति भएको उम्मेदवारसँग कार्यसम्पादन सम्झौता गरिने छ।

अनुसूची-२

(प्रकरण ११ सँग सम्बन्धित)

नेपाल सरकार

उद्योग, बाणिज्य तथा आपूर्ति मन्त्रालय

बिशेष आर्थिक क्षेत्र प्राधिकरणको

कार्यकारी निर्देशकको पदपूर्तिको लागि लिखित परीक्षाको पाठ्यक्रम

१. औद्योगिक नीति, कानून, मापदण्ड, नियमन र नेपालमा यसको अवस्था।

२. औद्योगिक क्षेत्र, विशेष आर्थिक क्षेत्र, औद्योगिक करिडोर, औद्योगिक पार्क वा ग्राम र निर्यात प्रशोधन केन्द्र सम्बन्धी वर्तमान नीति, कानून, मापदण्ड, नियमन तथा तिनीहरूको कार्यान्वयन।

३. नेपालमा वैदेशिक लगानी र प्रविधि हस्तान्तरण सम्बन्धी नीति, कानून, मापदण्ड योजना कार्यान्वयन र नियमन।

४. नेपालमा उद्योग, औद्योगिक व्यवसाय, औद्योगिक प्रविधि विकास र हस्तान्तरण सम्बन्धी नीतिगत र कार्यगत अवस्था।

५. औद्योगिक उत्पादन र उत्पादकत्व वृद्धि तथा रोजगारी सृजनाबीचको अन्तरसम्बन्ध ।

६. तुलनात्मक लाभ र प्रतिस्पर्धात्मक क्षमताका आधारमा आयात व्यवस्थापन र निर्यात प्रवर्द्धन।

७. समसामयिक राष्ट्रिय र अन्तर्राष्ट्रिय आर्थिक अवस्था, चुनौति र नेपालको अवसर।

## अनुसूचि ३

विशेष आर्थिक क्षेत्र प्राधिकरणका कार्यकारी निर्देशकको सिफारिशका लागि संक्षिप्त सूचीमा परेका उमेद्वारहरूको प्राप्ताङ्क तालिका

| सि.नं. | उमेद्वारको नाम,थर | भाग १ को प्राप्ताङ्क | | | | | भाग २ को प्राप्ताङ्क | | | कुल प्राप्ताङ्क (भाग-१ र २ को) | योग्यता क्रम | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | शैक्षिक योग्यता बापत | अनुभव बापत | लिखित परीक्षाको अंक | व्यावसायिक कार्ययोजना बापत | जम्मा प्राप्तांक | व्यावसायिक कार्ययोजना प्रस्तुतिकरण | अन्तर्वार्ता | जम्मा | | | |
| | | | | | | | | | | | | |

............................
विज्ञ सदस्य

............................
सदस्य

............................
संयोजक